नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय, अमरगढी, डडेल्धुरा

पत्र संख्या : २०८३/०८४ मिति : २०८३/०४/१३

चलानी नम्बर : 23

विषय : व्यवहारिक अभ्यास (OJT) को बाह्य मूल्याङ्कन सम्बन्धमा।

श्री प्रधानाध्यापक ज्यू

श्री कक्षा ११ र १२ मा प्राविधिक धार संचालित सबै विद्यालयहरु

बाजुरा, बझाङ्ग, अछाम, डोटी, डडेल्धुरा, बैतडी र दार्चुला।

प्रस्तुत विषयमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय(कक्षा ११ र १२), सानोठिमी, भक्तपुरको च.नं. २२ मिति २०८३/०४/१२ गतेको प्राप्त पत्रानुसार २०८३ बैशाख २८ गते पछि सम्बन्धित कार्यथलोमा खटिइ ७० दिन (हप्तामा बढीमा ६ दिन र प्रतिदिन ६ कार्यघण्टा) पुरा गरेका परीक्षार्थीहरुको व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका २०८३ को दफा १९ बमोजिम बाह्य मूल्याङ्कन गराउन सकिने भनी लेखि आएकोले माथि उल्लेखि मापदण्ड पुरा भएका परीक्षार्थीहरुको तपसिल बमोजिमका कागजातहरु प्रधानाध्यापकबाट प्रमाणित गराइ यस कार्यालयमा पेश गरी बाह्यमूल्याङ्कनको समय तालिका सहित बाह्यमूल्याङ्कनकर्ता यस कार्यालयबाट माग गर्न हुन अनुरोध छ।

साथै नयाँ निर्देशिका राष्ट्रिय परीक्षा बोर्डको वेवसाइट neb.gov.np र पाठ्यक्रम विकास केन्द्रको वेवसाइट moecdc.gov.np र यस कार्यालयको वेवसाइट dadeldhura.neb.gov.np बाट डाउनलोड गरी सो निर्देशिकाको अनुसूचीमा रहेका नयाँ फारामहरु मूल्याङ्कनका लागि प्रयोग गर्न हुन समेत अनुरोध छ।

तपसिल:-

- परीक्षार्थीहरुले कक्षा ९, १०,११ र १२ मा नियमानुसार OJT गरेको भन्ने संयोजक र प्रधानाध्यापकबाट प्रमाणित अनुसूची ८ फाराम र प्रमाणित पत्र।
- कक्षा १२ को बार्षिक परीक्षा पछि परीक्षार्थीहरुलाई कार्यथलोमा खटाएको पत्रको प्रमाणित प्रतिलिपी।
- कार्यथलोको ७० दिन प्रतिहप्ता ६ दिनका दरले ६ कार्यघण्टा काम गरेको हाजिरीको प्रमाणित प्रतिलिपी र कार्यथलोको उक्त कुरा खुल्ने सक्कल पत्र।
- विद्यालयको माथि उल्लेखित अवधि पुरा गरेको भन्ने प्रमाणित पत्र।
- मूल्याङ्कन पश्चात मूल्याङ्कन फारामको प्रत्येक पानामा तोकिएका पदाधिकारीहरुको दस्तखत, विद्यालयको छाप र प्रधानाध्यापकको छाप अनिवार्य लगाउनु पर्ने छ। फाइलमा अनुसूची ५, ६, ७, ८ र ९ समावेश गर्नुपर्ने छ।

२०८३।४।१२

नारायणदत्त भट्ट

नि. कार्यालय प्रमुख

कार्यालय प्रमुख

बोधार्थ:-

श्रीमान् अध्यक्ष ज्यू, राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर।

श्रीमान् सदस्य- सचिव ज्यू, राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर।

श्रीमान् परीक्षा नियन्त्रक ज्यू, राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२), सानोठिमी, भक्तपुर।